सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय

प.सं. ०७६/७७
च.नं. ४९

मितिः २०७६/०६/१५

विषयः जिल्ला पेफा कार्यान्वयन इकाईको क्षमता अभिवृद्धि कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सबै)।

नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्बन्धी एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (Integrated Public Financial Management Reform Project) दोश्रो वर्षमा कार्यान्वयनको चरणमा रहेको छ। गत आ.व.मा झैं District PEFA Implementation Unit को सुदृढीकरणका लागि संलग्न अवधारणा पत्रमा उल्लेखित मध्ये प्राथमिकतापूर्ण कुनै एक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

(मुन कुमार के सी)
सदस्य सचिव

सक्षम निजामती प्रशासनः विकास समृद्धि र सुशासन

FCGO Building, Anamnagar
Kathmandu, Nepal

Phone No. +977-1-4770706/+977-1-4770387
Fax No. +977-1-4770706

Website : www.pefa.gov.np
E-mail: nepalpefa@pefa.gov.np

# पेफा कार्यान्वयन इकाई (प्रदेश तह तथा जिल्लास्तर) सुदृढीकरण कार्यक्रम कार्यान्वयन सम्वन्धी अवधारणा पत्र, २०७५ (संशोधन सहित)

**(Concept Paper of Strengthening PIUs at Province and District level Program, 2018/19)**

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालय
अनामनगर, काठमाण्डौ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालय

## पेफा कार्यान्वयन इकाई (प्रदेश तह र जिल्लास्तरीय) सुदृढीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी अवधारणापत्र, २०७५(थप संशोधित २०७६ भाद्र)

**(Concept Paper of Strengthening PIUs at Province and District level Program, 2018/19)**

१. भूमिकाः

प्रथम सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्यांकन प्रतिवेदन (PEFA Assessment Report) को सिफारिश अनुसार सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमको नेतृत्व गर्न तथा सुधार प्रक्रियालाई संस्थागत गर्न नेपाल सरकारको निर्णय अनुसार अर्थ सचिवको अध्यक्षतामा गठित पेफा निर्देशक समितिको प्रत्यक्ष नीतिगत मार्ग निर्देशनमा रहने गरी सन् २००९ मा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (Public Expenditure and Financial Accountability Secretariat) को स्थापना भएको हो । सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने गरी वित्तीय व्यवस्थापनको कार्यसम्पादनलाई क्रमिक रुपले सुधार गरी सुदृढ बनाउन नीति, योजना तथा कार्यक्रम र क्रियाकलापहरूको खाका तर्जुमा गर्ने र तिनको कार्यान्वयनमा समन्वय एवं सहजीकरण गर्ने तथा कार्यान्वयन प्रगतिको अनुगमन मूल्याङ्कन गर्ने कार्य यस सचिवालयले गर्दै आएको छ । सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व संरचना (PEFA Framework) लाई विषयगत मन्त्रालय तथा जिल्लास्तरमा कार्यान्वयन गर्न सचिवालयले प्राविधिक तथा वित्तीय सहयोग पनि उपलव्ध गराउँदै आएको छ ।

पेफा निर्देशक समितिको निर्णयानुसार क्षेत्रगत सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गरी पेफा संरचनालाई विषयगत मन्त्रालय/निकायहरूमा एकीकृत गर्न सहयोग पुर्याउने उद्देश्यले मन्त्रालय तथा केन्द्रीय निकायहरूमा पेफा कार्यान्वयन इकाई (PEFA Implementation Unit - PIUS) र स्थानीयस्तरमा जिल्ला पेफा कार्यान्वयन इकाई (District PEFA Implementation Units- DPIUS) यस अघि नै गठन कार्यान्वयनमा आईसकेका छन् ।सार्वजनिक वित्तीय व्यवस्थापन एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी सूचना तथा गतिविधीहरूको समन्वय गर्ने, संचार तथा सम्प्रेषण गर्ने कार्यमा यी कार्यान्वयन ईकाइहरुले सहयोग पुर्याइरहेका छन् । नेपालको संविधान २०७२ कार्यान्वयन भएपछि मुलुकको शासकीय स्वरुपमा संघीय, प्रदेश र स्थानीय तहका सरकारहरु कार्यान्वयनमा आईसकेको अवस्थामा यी तीनै तहमा सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादनलाई सुदृढीकरण गर्न यी क्षेत्रमा व्यापकरुपमा संरचनागत, कार्यविधि तथा प्रणालीगत व्यवस्थागर्ने गरी सुधारका कार्यक्रमहरु संचालन गर्नु पर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा पेफा कार्यान्वयन ईकाइहरु संघीय र जिल्लास्तर लगायत प्रदेश तहमा परिमार्जन सहित विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने

देखिन्छ । साथै, पेफा निर्देशक समितिको २६ औं बैठकको निर्णय अनुसार सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसंचालन निर्देशिका, २०७५ संशोधन परिमार्जन सहित आएको र सो निर्देशिका बमोजिम प्रदेश तह पेफा कार्यान्वयन ईकाइहरु (Province level PEFA Implementation Unit-PPIU) गठन गरी कार्यान्वयनमा ल्याउन पेफा सचिवालयवाट आवश्यक कार्वाही अगाडी बढाईएको छ । यी पेफा कार्यान्वयन ईकाइहरुलाई सुदृढ एवं क्रियाशील बनाउन सकिएमा समग्र सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढ हुनसक्ने भएकाले केन्द्रीयस्तरका, प्रदेश तहमा र जिल्लास्तरका यी ईकाइहरूको क्षमता अभिवृद्धि गरी वित्तीय व्यवस्थापनको सुदृढिकरणमा प्रत्यक्ष योगदान पुर्‍याउन सक्ने क्रियाकलापहरू पहिचान गरी यिनीहरु मार्फत नै कार्यक्रमहरू कार्यान्वयन गराउँदा यसप्रति सरोकारवालाहरूको अपनत्व वृद्धि हुने देखिन्छ ।

यसका अतिरिक्त यस अघि सन् २००१ मा लागु भएको पेफा संरचना (PEFA Framework) को आधारमा पहिलो पटक सन् २००८ मा र दोश्रो पटक सन् २०१४ मा नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापन गरी प्रतिवेदन दिईएको थियो । हाल सन् २०१६ मा यो पेफा संरचनाको परिमार्जन सहित नयाँ पेफा संरचना लागु भएको छ जसको आधारमा आगामी बर्षहरुमा पेफा मूल्यांकन गर्नु पर्ने हुन्छ ।

यसै सन्दर्भमा अर्थ मन्त्रालय अन्तरगत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (ब.उ.शी.नं. ३०५०११०१) को आ.व. ०७६/७७ को वार्षिक कार्यक्रमको क्र.स. २.१७.२८.११ मा पेफा कार्यान्वयन ईकाइहरुको क्षमता विकास (Capacity development) अन्तरगत खर्च शीर्षक नं. २२५२९ विविध कार्यक्रममा रु.५०,००,०००।- (अक्षरेपी पचास लाख) वार्षिक बजेट स्वीकृत भएको छ । विनियोजित रकमबाट उपर्युक्त क्षमता अभिवृद्दि गर्दै सार्वजनिक खर्च पारदर्शिता र उत्तरदायित्व अभिवृद्दि गर्ने विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न सकिने भएकोले यसको कार्यान्वयन प्रक्रिया व्यवस्थित गर्न यो अवधारणापत्र तयार गरिएको छ ।

## २. उद्देश्य

पेफा संरचना (PEFA Framework) लाई नेपाल सरकारका हरेक तहहरुमा आन्तरिकीकरणका साथ कार्यान्वयन गरी प्रवर्द्धन गर्दै लैजानु यस कार्यक्रमको खास उद्देश्य हो । यस कार्यक्रमको निम्न थप उद्देश्यहरू रहेका छन्:

- सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गतको पेफा कार्यान्वयन ईकाइ सुदृढीकरण कार्यक्रमको कार्यान्वयन गर्नु,
- पेफा कार्यान्वयन ईकाइको क्षमता अभिवृद्धि गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्वन्धी कार्यक्रम कार्यान्वयनमा जिम्मेवार वनाउनु,
- प्रदेश तथा स्थानीय तहमा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी देशको समग्र सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ वनाउन प्रयास गर्नु,

- पेफा संरचना (PEFA Framework) लाई स्थानीय सरोकारवालाहरूमा आन्तरिकीकरण गर्नु,
- पेफा र यसका सुधार कार्यान्वयनमा यसका सबै सरोकारवालाहरूको अपनत्व वृद्धि गर्नु ।

३. कार्यक्रम कार्यान्वयन कार्यविधि:

३.१. प्रस्तावको ढाँचा र क्रियाकलाप :

यस कार्यक्रमको कार्यान्वयनका लागि सबै पेफा कार्यान्वयन ईकाइहरुलाई सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा प्रत्यक्ष योगदान पुर्‍याउने क्रियाकलापहरू पहिचान गरी त्यसको उद्देश्य, सञ्चालन विधी, क्षेत्र, कार्यसञ्चालन स्वरूप (Operating Framework) कार्य योजना, लक्षित वर्ग, अपेक्षित उपलब्धी, मूल्याङ्कन सूचक तथा त्यसका लागि अनुमानित लागत सहितको (अनुसूची १ अनुसार) विवरण सहितको प्रस्ताव सम्बन्धित पेफा कार्यान्वयन ईकाइहरुबाट प्राप्त भएका आधारमा पहिचान गरिने छ । क्रियाकलापहरू पहिचान गर्दा पेफा कार्यान्वयन ईकाइहरुले सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसंचालन निर्देशिका, २०७५ (संशोधन सहित ) को अधिनमा रही आफै विषयबस्तुको छनौट गर्नुपर्ने र पेफा कार्यान्वयन ईकाइहरुहरूले निम्न विषयवस्तुलाई प्राथमिकता दिई अनुसूचि–२ अनुसारको क्रियाकलापहरू (नयाँ क्रियाकलापहरू पनि पहिचान गर्न सकिनेछ) मध्येबाट प्रस्ताव पठाउनु पर्नेछ ।

- क्रियाकलापहरूले सार्वजनिक वित्तीय व्यवस्थापन एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी सचेतना अभिवृद्धि गर्न सक्ने ।
- सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न सक्ने ।
- आर्थिक प्रशासनसँग सम्बन्धित विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाको परिपालना गराउन योगदान पुर्याउने ।
- सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणका लागि पृष्ठपोषण प्राप्त हुन सक्ने अध्ययन तथा अनुसन्धान सहयोगी हुने ।

३.२ प्रस्तावको मुल्याङ्कन र छनोट :

प्राप्त हुन आएका प्रस्तावहरूको मूल्याङ्कन सचिवालयले निम्न विषयहरूको आधारमा गर्नेछः

- प्रस्तावमा उल्लेखित क्रियाकलापहरू यस अवधारणापत्रको उद्देश्य प्राप्तिको लागि उपयोगी भए/ नभएको।
- समग्र एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको उद्देश्य अनुरूप भए/नभएको ।
- सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गरी सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा योगदान पुर्‍याउन सक्ने/नसक्ने ।

- कार्यान्वयन योग्य एवं कार्यमूलक भए नभएको ।
- समय सान्दर्भिक, उपलब्धिमूलक, उपयुक्त र विश्वसनीय भए नभएको ।
- यसरी प्राप्त प्रस्तावहरूको मूल्याङ्कन सचिवालयले मूल्याङ्कन समिति गठन गरी गर्नेछ । यस्तो समितिको बैठकमा समितिका संयोजकले विषयबस्तुसँग सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।
- मूल्याङ्कन समितिले कार्यान्वयनका लागि उपयुक्त भनी सिफारिश गरेका प्रस्तावहरूमात्र कार्यक्रम कार्यान्वयनको लागि छनौट गरिने छ ।

३.३ स्वीकृत प्रस्ताव कार्यान्वयनको तरिका :

- छनौट भएका प्रस्तावहरूको कार्यान्वयन पेफा सचिवालय र सम्बन्धित पेफा कार्यान्वयन ईकाइहरुका संयोजकबीच पत्राचारबाट अगाडी बढाईने छ ।
- प्रस्तावहरूको छनौट गर्दा स्वीकृत बार्षिक कार्यक्रमको विनियोजित बजेटको सीमाभित्र रहेर गरिने छ ।
- स्वीकृत प्रस्तावमा उल्लेखित रकम डाफ्ट्र मार्फत पेश्की स्वरूप सम्बन्धित पेफा कार्यान्वयन ईकाइहरूमा पठाईनेछ । प्राप्त रकमबाट स्वीकृत क्रियाकलापहरू सञ्चालन तथा सम्पन्न गरी बाँकी बचत रकम खाता नं.१२०१२००-००१-००३-५२४ Treasury Account Control Office मा २०७६ चैत्र मसान्त भित्र जम्मा गरिसक्नु पर्नेछ।
- प्राप्त रकमको सीमाभित्र रहेर स्वीकृत प्रस्तावमा उल्लेखित क्रियाकलापहरू सन्चालन गर्दा वित्तीय पारदर्शिता तथा उत्तरदायित्व कायम राख्दै नेपाल सरकारका प्रचलित ऐन, नियम (आर्थिक कार्यविधि ऐन/नियम, खरिद ऐन/नियम, अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसञ्चालन निर्देशिका र यस सचिवालयको निर्देशन) हरूको अनुसरण गरी लेखाको प्रचलित मान्य ढाँचामा लेखा राख्ने जिम्मेवारी सम्बन्धित PPIU/DPIU को हुनेछ।
- पत्र प्राप्त भएको मितिले १ महिना भित्रमा संलग्न अनुसूचीको ढाँचामा कार्यक्रम प्रस्ताव पेश गर्नुपर्ने तथा ३ महिना भित्रमा कार्यक्रम सम्पन्न गरि सक्नुपर्नेछ।
- खर्च गर्दा स्वीकृत नर्मस बमोजिम स्वीकृत क्रियाकलापमा मात्र गर्नुपर्नेछ।
- पेफा सचिवालयले सहमती जनाएकोमा बाहेक स्वीकृत प्रस्तावमा उल्लेखित क्रियाकलापहरूमा संशोधन तथा परिवर्तन गरी संचालन गर्न सक्ने छैन ।
- क्रियाकलापहरूको कार्यान्वयन तथा त्यसको परिणामको सम्बन्धमा पेफा सचिवालयले नियमित सुपरिवेक्षण तथा अनुगमन गर्नेछ साथै कार्यान्वयनमा सहजीकरण समेत गर्नेछ ।

३.४ लेखा परीक्षण तथा प्रतिवेदन

- उक्त कार्यक्रम सम्पन्न भएपछि यथाशिघ्र खर्चको फाँटबारी तथा प्रमाणित आर्थिक विवरण तयार गरी पेफा सचिवालयमा पठाउनुपर्नेछ र सोही आधारमा पेफा सचिवालयले पेश्की फछ्यौंट गर्नेछ।

- उक्त कार्यक्रमको श्रेस्ता सुरक्षित राखी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित PPIU/DPIU को हुनेछ।
- लेखा परीक्षण प्रतिवेदन सहित प्राप्त प्रतिवेदनहरुको एकीकृत प्रतिवेदन बनाउने जिम्मेवारी पेफा सचिवालयको हुनेछ ।

४. अपेक्षित उपलब्धिः

यो कार्यक्रमको कार्यान्वयबाट निम्न उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ ।

- एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको कार्यक्रम अन्तर्गतको सुदृढीकरण कार्यक्रमको सफल कार्यान्वयन हुने ।
- पेफा कार्यान्वयन ईकाइहरुको क्षमता अभिबृद्धि भई पेफा कार्यान्वयनमा प्रभावकारिता हासिल हुने ।
- सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि भई देशको समग्र सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउन योगदान पुग्ने ।
- यस अघिको सन् २००१ मा आएको पेफा संरचना (PEFA Framework) मा संशोधन र परिमार्जन गरी सन् २०१६ मा आएको नयां पेफा संरचना (PEFA Framework) को विषयगत, क्षेत्रगत, प्रदेशगत तथा स्थानीय सरोकारवालाहरूमा आन्तरिकीकरण गर्न सहयोग पुग्ने ।
- पेफा कार्यान्वयनमा यसका सबै सरोकारवालाहरूको अपनत्व बृद्धि हुने ।
- पेफा कार्यान्वयन ईकाइहरुका बैठकहरू नियमितरूपमा संचालन भई केन्द्रीय, प्रदेश तथा स्थानीय तह स्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणको सम्बन्धमा नियमित छलफल तथा अन्तरक्रिया भईरहने ।

५. अनुगमन मूल्याङ्कनः

पेफा सचिवालयको वार्षिक कार्यक्रम अनुसार यसरी संचालित हुने क्रियाकलापहरूको कार्यान्वयन अवस्था एवं प्रगतिको अनुगमन तथा मूल्याङ्कन निर्धारित सूचकहरूको आधारमा पेफा सचिवालयका संयोजक, सदस्य सचिव वा संयोजकले खटाएको अधिकृतहरूबाट हुनेछ । क्रियाकलापको प्रकृति अनुसार सूचकहरू फरक हुन सक्नेछन् ।

पेफा कार्यान्वयन ईकाइहरुका संयोजकले पनि आफुले गरेको कामकारवाही तथा गतिविधिहरूको अनुगमन गर्ने छुट्टै संयन्त्र बनाई अनुगमन गराउने व्यवस्था गर्नुपर्नेछ ।

६. पारदर्शिता :

कार्यक्रम सञ्चालन गर्दा गराउदा पारदर्शिता तथा वित्तीय उत्तरदायित्वलाई उचित ध्यान दिनुपर्नेछ । कार्यक्रम सञ्चालनमा भएको खर्चको स्थानीयस्तरमा सार्वजनिकरण गर्ने व्यवस्था मिलाउनुका साथै आ-आफ्नो Website मा समेत राख्नु पर्नेछ ।

७. संशोधन :

यो अवधारणा पत्रमा सचिवालयले आवश्यकता र औचित्यको आधारमा संशोधन गर्न सक्नेछ ।

८. अवधारणा पत्रको कार्यान्वयन:

यो अवधारण पत्र सचिवालयबाट स्वीकृत भए पछि कार्यान्वयनमा आउने छ ।

९. कार्यक्रमको निरन्तरता :

यो अवधारणपत्र अनुसार सञ्चालित कार्यक्रम/क्रियाकलापहरूको प्रभावकारिताको वस्तुगत मूल्याङ्कन गरी आगामी आर्थिक वर्षहरूमा पनि यो कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१०. विविध :

पेफा सचिवालयको लागि नेपाल सरकार (दातृ निकायको स्रोतसमेत) बाट स्वीकृत भएको बजेट तथा कार्यक्रममा परिमार्जन भएमा यो अवधारणापत्र बमोजिम स्वीकृत भएका कार्यक्रममा समेत आवश्यक परिमार्जन वा हेरफेर हुन सक्नेछ ।

अनुसूची -१

| क्रियाकलाप | लक्षित वर्ग | लाग्ने समय | अनुमानित लागत | अपेक्षित उपलब्धि | अनुगमन सूचकहरू |
|---|---|---|---|---|---|
| १. | | | | १. | १. |
| | | | | २. | २. |
| | | | | ३. | ३. |
| | | | | ४.<br>...................... | ४.<br>.................. |
| २. | | | | १. | १. |
| | | | | २. | २. |
| | | | | ३. | ३. |
| | | | | ४.<br>...................... | ४.<br>.................. |
| ३. | | | | १. | १. |
| | | | | २. | २. |
| | | | | ३. | ३. |
| | | | | ४.<br>...................... | ४.<br>.................. |
| ४. | | | | १. | १. |
| | | | | २. | २. |
| | | | | ३. | ३. |
| | | | | ४.<br>...................... | ४.<br>.................. |

वित्तीय उत्तरदायित्व सचिवालय, काठमाडौं

## अनुसूची -२

पेफा कार्यान्वयन ईकाइ सुदृढीकरण कार्यक्रम अन्तर्गत प्रदेश/जिल्ला पेफा कार्यान्चयन इकाई (PPIUs/DPIUs) ले विनियोजित वजेटको सीमाभित्र रही संचालन गर्नुपर्ने क्रियाकलापहरू

| सि.न | क्रियाकलाप | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. सचेतनामुलक कार्यक्रम | | |
| १.१ | सार्वजनिक खर्च व्यवस्थापनसँग सम्वन्धित एफ.एम रेडियो कार्यक्रम सञ्चालन<br>• राष्ट्रिय भाषामा प्रशारण गर्ने<br>• राष्ट्रभाषामा प्रशारण गर्ने | • स्थानीय एफ. एम. रेडियो मार्फत स्थानीय तहमा सार्वजनिक खर्च र वित्तिय उत्तरदायित्व सम्वन्धमा सूचना तथा जानकारीमूलक कार्यक्रम प्रशारण भै पारदर्शिता र उत्तरदायित्वको स्थितिमा सुधार गर्न मद्दत पुग्ने, |
| १.२ | सामुदायिक विद्यालयहरूको आर्थिक कार्यप्रणालीमा रहेका वित्तीय जोखिमका क्षेत्र पहिचान र समाधान सम्बन्धी कार्यक्रम | • विद्यालयस्तरमा हुने वित्तिय जोखिमका क्षेत्रहरू उल्लेख भएको दस्तावेज तयार हुने,<br>• शैक्षिक क्षेत्रवाट PEFA Framework को सम्बन्धमा अन्य सरोकारवालाहरूमा जानकारी प्रदान गर्ने कामको शुरूवातका लागि सहयोग पुग्ने, |
| १.३ | बजेट चक्रको वारेमा सचेतनाका लागि प्रचारमूलक कार्यक्रम | • सार्वजनिक खर्च व्यवस्थापनको प्रभावकारिताका लागि बजेटचक्र तथा यसको समयतालिका लगायतका विषयहरूमा सरोकारवालाहरू (कार्यालय प्रमुख, योजना प्रमुख, लेखा प्रमुख) बीच अन्तक्रिया तथा सूचना सम्प्रेषणको माध्यमवाट सचेतना प्रदान गरिएको हुने, |
| १.८ | प्रदेश/जिल्लास्थित कार्यालय प्रमुखहरूबीच सार्वजनिक खर्चको उत्तरदायित्व, पारदर्शिता र प्रभावकारीता बढाउने सम्बन्धी कार्यक्रम | • सार्वजनिक खर्चको जवाफदेहितामा अभिवृद्धि हुने, |
| १.९ | प्रदेश/जिल्ला/स्थानीय तहका निकायको वित्तीय व्यवस्थापनमा देखिएको वित्तीय जोखिमहरूको पहिचान र सुधार सम्बन्धी अध्ययन कार्यक्रम, | • प्रदेश/जिल्ला/स्थानीय तहका वित्तीय कार्यसम्पादनलाई पारर्दशी र प्रभावकारी वनाउन सहयोग पुग्ने । |
| १.१० | जिल्लास्थित नागरिक समाज, गैर सरकारी संस्था, सामूदायिक संस्थाहरूसँग PFM सम्बन्धी छलफल अन्तरक्रिया | • PFM/PEFA सम्वन्धमा सरोकारवालाहरूमा सचेतना वृद्धि हुने, |
| १.११ | कर्मचारीहरूलाई आर्थिक कारोबारको लेखाङ्कन र प्रतिवेदन सम्बन्धी अभिमुखिकरण तालिम | • कर्मचारीहरूमा आर्थिक कारोबारको लेखाङ्कन सम्बन्धी ज्ञान हासिल भई पारदर्शिता बढ्ने, |

| | | |
|---|---|---|
| १.१२ | सार्वजनिक खर्चमा जवाफदेहिता तथा पारदर्शिता अभिबृद्धि गर्ने प्रकारका तालिम, गोष्ठी, कार्यशाला वा अन्तरक्रिया, | • सम्बन्धित क्षेत्रका निकायहरूमा सार्वजनिक खर्चको पारदर्शिता, जवाफदेहिता र ज्ञानको अभिबृद्धि हुने, |
| १.१३ | निर्माण व्यवसायीहरूसँग निर्माण व्यवस्थापन र गुणस्तर सम्बन्धी छलफल/अन्तरक्रिया, | • स्थानीयस्तरमा भएका निर्माण कार्यहरूमा सचेतना र गुणस्तरमा सुधार आउने, |
| १.१४ | प्रदेश/जिल्ला/स्थानीय तहका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरूबीच प्रत्येक आर्थिक वर्षको अख्तियारीमा भएको व्यवस्था र कार्यान्वनय सम्बन्धी अन्तरक्रिया तथा छलफल, | • प्रदेश/जिल्ला/स्थानीय तहका कार्यालयहरूमा अख्तियारीमा भएको व्यवस्था अनुरूप कार्यसञ्चालन गर्न र आर्थिक कारोवारमा एकरूपता कायम गरी वित्तीय अनुशासन परिपालनमा प्रभावकारिता आउने, |
| २. सार्वजनिक वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धिमुलक कार्यक्रम | | |
| २.१ | पेफा सूचक (PEFA Indicator) को आधारमा जिल्लाको सार्वजनिक खर्चको प्रभावकारिताको स्थिति मापन गर्ने सूचक बनाई अध्ययन कार्यक्रम,<br>उदाहरणका लागिः<br>• कार्यक्रम स्वीकृति,<br>• खरिद योजना निर्माण,<br>• खरिद योजना अनुसार खरिद प्रक्रियाको कार्यान्वयन,<br>• खर्चको अनुगमन,<br>• राजस्व र खर्चको प्रतिवेदनको समयवद्धता आदि | • प्रदेश/जिल्ला तहमा सार्वजनिक खर्चको समयवद्धता र प्रभावकारिताको जानकारी हुने, |
| २.२ | प्रदेश/जिल्लाको एकीकृत विनियोजन तथा खर्च सार्वजनिक | • प्रदेश/जिल्लाको सार्वजनिक खर्चको स्थितिको बारेमा सबै सरोकारवालाहरुलाई जानकारी हुने, |
| २.३ | चालु वर्षको स्वीकृत कार्यक्रमको विवरण सार्वजनिकीकरण | • प्रदेश/जिल्लामा हुने बिकास निर्माण तथा सार्वजनिक खर्चसँग सम्वन्धित कार्यक्रम र क्रियाकलापको बारेमा सरोकारवालाहरूलाई जानकारी हुने, |
| २.४ | आयोजनामा हुने खर्चको नतिजामूलक प्रभावकारिताको संक्षिप्त मूल्याङ्कन | • कार्यान्वयनतहमा हुने खर्चको नतिजासँगको सम्वन्धको लेखाजोखा भएको प्रतिवेदन तयार हुने, |
| २.५ | सार्वजनिक वित्तीय व्यवस्थापका असल अभ्यासको अभिलेखाङ्कन र प्रकाशन | • प्रदेश/जिल्ला तहमा PFM/PEFA सम्वन्धी असल अभ्यासहरूको संकलन गरी प्रकाशन गरिएको हुने, |
| २.६ | आलेप प्रतिवेदनको सार तयार गरी सार्वजनिक गर्ने, | • प्रदेश/जिल्लातहमा आलेपले औल्याएका कुराहरू र सुधारका लागि गरिएका प्रयासहरूको बारेमा जानकारी हुने, |
| ३.अनुसन्धानमुलक अन्य | | |
| ३.१ | PFM /PEFA सम्बन्धी तालिम आवश्यकताको पहिचान गर्ने, | • प्रदेश/जिल्ला तहमा कार्यान्वयनमा संलग्न व्यक्तिहरूकालागि तालिम आवश्यकताको पहिचान भएको हुने, |
| ३.२ | प्रभावकारी सार्वजनिक खर्च व्यवस्थापन सम्वन्धी कार्यक्रमहरू, | • नतिजामुखी खर्च व्यवस्थापन सम्बन्धमा कार्यक्रमहुरूको कार्यन्वयन खर्चको प्रदेश/जिल्ला तहमा कार्यान्वयनमा संलग्न व्यक्तिहरूका लागि तालिम आवश्यकताको पहिचान भएको हुने, |

| | | |
|---|---|---|
| ३.३ | प्रदेश/जिल्लास्थित कार्यालयहरूको बजेट परिचालन क्षमताको मूल्याङ्कन गर्न प्रत्येक कार्यालयलाई प्राप्त कुल वजेट (चालु तथा पूँजीगत) र सो मध्ये भएको खर्च, खर्च हुन नसक्नुको कारण, समस्या समाधानको उपाय सहितको प्रतिवेदन तयार गर्ने, | • प्रदेश/ जिल्लास्थित कार्यालयहरूको बजेट परिचालन क्षमता मूल्याङ्कन गर्न सहज हुने, |
| ३.४ | प्रदेश/जिल्लास्थित कार्यालयहरूको वेरूजुको स्थिति, वेरूजुको प्रकृति, सम्परीक्षण तथा फछ्यौंटको अवस्थाको सम्बन्धमा तुलनात्मक अध्ययन गरी वेरूजु घटाउन अपनाउनु पर्ने उपाय सहितको प्रतिवेदन तयार गर्ने | • प्रदेश/जिल्लास्तरका कार्यालयमा वेरूजुको प्रकृति, अवस्था, वेरूजु फछ्र्यौटको अवस्था तथा वेरूजु कम गर्ने उपायहरू पहिचान हुने, |
| ३.५ | प्रदेश/जिल्लामा राजस्व असुली गर्ने कार्यालयले वार्षिक लक्ष्य अनुसार राजस्व असुली गर्न सके/ नसकेको, लक्ष्य अनुसार असुली हुन नसक्नुको कारण, यसको समाधानको उपायको सम्वन्धमा अध्ययन गर्ने | • प्रदेश/जिल्लामा राजस्व असुलीको अवस्थाको सम्वन्धमा जानकारी हुने । |
| ३.६ | सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरण तथा सार्वजनिक खर्चको पारदर्शिता एवं उत्तरदायित्व अभिवृद्धिमा सहयोग पुग्ने गरी PPIU/DPIU ले पहिचान गरेका अन्य अनुसन्धानमूलक र नवीन क्रियाकलाप (Innovative Activities) भए सो को प्रस्ताव तयार गरी पेफा सचिवालयको सहमतिमा त्यस्ता क्रियाकलाप पनि संचालन गर्न सकिने, | • सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरण तथा सार्वजनिक खर्चको पारदर्शिता एवं उत्तरदायित्व अभिवृद्धिमा सहयोग पुग्ने, |
| ३.७ | PPIU/DPIU बैठक नियमित रूपमा समचालन | • नियमित बैठक गरी PFM/PEFA सम्बन्धी स्थानीय विषयवस्तुहरूको सम्वन्धमा छलफल र समस्याको समाधानमा योगदान पुग्ने । |
| ४ | विशेष कार्यक्रम संचालन गर्ने | (१)प्रदेश तथा जिल्लामा संचालन हुने विकास निर्माण सम्बन्धी पूँजीगत खर्च खरिद योजना बमोजिम आर्थिक बर्षको अन्तिममा भन्दा पनि चाँडै समयमै गर्ने गरि समयमै खरिद प्रक्रियाको थालनी गरि निर्णय गरी नियमित तवरले निर्माण कार्य संचालन र खर्च गर्ने विषयमा आवश्यक क्षमता विकास र तालिम संचालन गर्ने, यस प्रक्रियामा प्रत्यक्ष रुपमा संलग्न सरोकारवाला निर्माण व्यवसायी वा उपभोक्ता समिति, नागरिक समाज, र अन्य सरोकारवाला निकायहरुसँग अन्तरक्रिया क्षमता विकास, अभिमुखिकरण र तालिम कार्यक्रम गर्ने, विकास निर्माण कार्य अगाडि बढाउन सबैलाई संलग्न गराई पूर्व तयारी योजना बनाउने आदि जस्ता बिषयमा आवश्यक सामग्री तयार गरी तालिम दिने। यस किसिमका कार्यक्रमवाट पूंजीगत खर्चका निर्माण कार्यक्रम लक्षित समयमा गुणस्तरीय, समयमा प्रभावकारी ढंगले संचालन हुनेछ ।<br>(२) अन्य |

अनुसूची -३

# प्रतिवेदन ढाँचा

शीर्षक, स्थान

१.पृष्ठभूमिः

२.उद्देश्यः

३.कार्यक्रमको स्वीकृत लागत अनुमान र यथार्थ खर्चको विवरणः

४.कार्यक्रम सन्चालनको तालिकाः

५.सहभागीहरुको विवरण (महिला ,पुरुष छुट्टिने गरी)

६.कार्यक्रमको संक्षिप्त विवरणः

७.कार्यक्रमको उपलब्धिः

८. कार्यक्रम सम्वन्धमा कुनै पृष्ठपोषण भए सो को विवरणः

९.निष्कर्षः

१०.प्रतिवेदनमा संलग्न गर्नुपर्ने  अन्य विवरणः

क. सहभागीहरुको पद, ठेगाना, ईमेल आईडी, सम्पर्क नम्बर आदि

ख. श्रोत व्यक्ति र  कार्यक्रममा सन्दर्भ सामग्रीको रुपमा  प्रयोग  भएका कार्यपत्रहरुको विस्तृत विवरण